## २७ मई, १९६४ *

खस्यो, यौटा दिन चिप्लिएर हत्केलाबाट ...

बीचसडकको प्रकाश-स्तम्भमा बल्ब फुटाएर
आज मध्यदिनमा
घाम झ्वाप्प निभ्यो !

अल्मलिएका करोडौं आँखाहरु
भन्किन्छन् रानोबिना गुँड छताछुल्ल घेरेर !

**अरे खोई त्यो उत्तरको ध्रुबतारा ....**
**जसलाई संकेत पारेर समुद्रमा हामी आँखा टेक्दथ्यौं....**

आह ! खोई उज्यालाका बिटाहरू !
आह ! खोई सडकहरूमा बाटो !
चट्टानमा टाँस्सिन्छन् उड्दा-उडदैका परेवाका लामहरु !
आकाश नटेक्दै
चुम्न नपाउँदैं
ओलिम्पसको उचाइको हात.....
रोकिन्छन् बीच बाटामै किन आँखाहरु ?

हिँडन नपाउँदै क्षितिजको यो किनारा त्यो किनारा....
पाइलाहरु किन थन्किन्छन् स्थापत्यमा ?
निरुद्देश्य.......................
अल्मलिएका करोडौं पाइला खज्मजिन्छन्
यो आँखाभरि .....त्यो आँखाभरि...
**अरे ! खोई त्यो उत्तरको ध्रुवतारा ....**
**जसलाई संकेत पारेर समुद्रमा हामी आँखा टेक्दथ्यौं....**

घुम्न अस्वीकार गर्छ पृथ्वीले यो क्षण !
धरतीले फक्रिनु अस्वीकार गर्छ गुलाबको फूलमा !
प्रत्येक जिन्दगीले, पहाडले
प्रत्येक गतिले, खोलाले
बाँच्न अस्वीकार गर्छ  अन्यमनस्कमा भास्सिएर यो क्षण !

**अरे ! खोई त्यो उत्तरको ध्रुवतारा ....**
**जसलाई संकेत पारेर समुद्रमा हामी आँखा टेक्दथ्यौं....**

* ताः २७ मई, १९६४, दिउँसो २ बजे प. जवाहरलाल नेहरुको अचानक र असमायिक निधनमा लेखिएको यो कविता स्वर्गीय पं. नहरुकै पूण्यस्मृतिमा श्रदाञ्जली स्वरुप अर्पित छ ।

दिनु उचालेको हात टक्क अडिन्छ आकाशमा यो क्षण !
हाँस्नु उघ्रेका ओँठका तरेलीहरू टक्क अडिन्छन् यो क्षण !

टक्क अडिन्छ प्रत्येक व्यवहार, स्तब्ध र आहत
-घरमा
  -दफ्तरमा
    -स्कूलमा
      -रेष्टूराँमा
        -अनि सडकमा !
छात्तीभित्र दिवाल घडी अडिन्छ !
टक्क रोकिन्छ समय हत्केलामा जमेर
गति थुप्रिन्छ ढुङ्गा भएर दोबाटोमा !

आह ! खोई उज्यालोहरूको बिटा !
आह ! खोई सडकहरूमा बाटो !

खस्यो ....
यौटा दिन विश्वास फुत्किएर ..
अणुबमको ध्वंस बोकेर मान्छेको निधारमाथि !

छेक्न सकेनन् परेवाका पखेटाले युद्ध,
बौराउन सकेनन् गुलाबले खण्डहर
घाउभरिनै पाएन च्यात्तिएको मानचित्रको !
फेरि एकपल्ट
पृथ्वी ध्वस्त भयो, यो क्षण !

फेरि एकपल्ट
मान्छेको मृत्यु निर्विरोध भयो, यो क्षण !

गङ्गा र जमुना भाँचेर हाँगा र झिक्राहरुमा
डढेलो लाग्यो सधैँलाई आज
मान्छेको शरीरभरि !
फेरि एकपल्ट युद्धले मानवता पराजित गर्छ
फेरि एकपल्ट
मान्छेलाई मृत्युले जित्छ
फेरि एकपल्ट
मृत्युको जीत इतिहासमा सुरक्षित भयो, यो क्षण !
निभे.....करोडौँ आँखाहरु फ्यूज गएर
सिङ्गो प्रलयको अँध्यारो लिएर बस्ती र शहरभरि .....

अरे ! खोई त्यो उत्तरको ध्रुवतारा ......
जसलाई संकेत पारेर समुन्द्रमा  हामी आँखा टेक्दथ्यौं.....

आज मध्यदिनमा
घाम झ्वाप्प निभ्यो......
बीच सडकको प्रकाश-स्तम्भमा बल्ब फुटाएर
खस्यो.....यौटा दिन चिप्लिएर हत्केलाबाट......

अरे ! खोइ त्यो उत्तरको ध्रुबतारा.....